# बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बेलबारी, मोरङ

# शिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/०३/२६

यस बेलबारी नगरपालिकाअन्तर्गत तपशिलमा उल्लेखित कृषिजन्य, वनकस तथा वन पैदावार, जडिबुटी, कवाडी र जीवजन्तु स्थानीय तह निक करवापतआ.व. २०७५/०७६ को लागि कर असुलको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ठेक्का लिन चाहने इच्छुक फर्म, कम्पनी, संघसंस्था र व्यक्तिहरुले तपसिल बमोजिमको सेवाशर्तको अधिनमा रही प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्र फारम खरिद गरी औं दिनको १२:०० बजे भित्र बोलपत्र दर्ता गर्न आफुले कबोल गरेको एकमुष्ट ठेक्का रकम अंक र अक्षरमा खुलाई बोलपत्र दर्ता गर्न गोप्य शिलब बोलपत्र आव्हान गरी यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्काको नाम | न्यूनतम अङ्क | बोलपत्र फाराम दस्तुर रु. फिर्ता नहु |
|---|---|---|---|
| | कृषिजन्य, वनकस तथावन पैदावार,<br>जडिबुटी, कवाडी र जीवजन्तु स्थानीय तह निकासी कर | ७३००००।०० | १०००।०० |

## शर्तहरू

१. माथि उल्लेखित ठेक्काबाट करदस्तुर असुल गर्दा बेलबारी नगरपालिकाले तोकिएको दरमा मात्र असुल गर्नुपर्ने छ ।
२. कर असुली दररेट एवं ठेक्कापट्टाको शर्तहरु बोलपत्रसाथ उपलब्ध गराईने छ ।
३. ठेक्काको अवधि २०७५ श्रावण १ देखि २०७६ अषाढ मसान्त सम्मको लागि मात्र हुनेछ ।
४. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र फारम खरिद गरी छुट्टाछुट्टै बोलपत्र पेश गर्नुपर्नेछ ।
५. बोलपत्र पेशकर्ताले खामको बाहिरपट्टी ठेक्काको किसिम तथा पेशकर्ताको नाम स्पष्टरुपमाउल्लेख गर्नुपर्नेछ ।
६. सिलबन्दी बोलपत्र साथ व्यक्तिको हकमा नागरिकताको प्रतिलिपी संस्थाको हकमा दर्ता प्रमाणपत्र, करचुक्ता र नवीकरणको प्रमाणपत्र संलग्न हुनुपर्नेछ । ध रकमकबोल गरेको अंकको नेपाली नागरिक भएमा ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशत रकम बेलबारी नगरपालिकाको नाममा रहेको राष्ट्रिय बाणि बैंक, बेलबारीको शाखाको हि.नं. २४३०३०३००७१०३ धरौटी खातामा जम्मा गरि सोको सक्कल भौचर पेश गर्नुपर्नेछ र नगदलाई मान्यता दिईने छै
७. कबोल गरिएको ठेक्का रकमअंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने
८. शिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बोलपत्र दाखिला र बोलपत्र खोलि ।
९. ठेक्का रकम संम्झौता समयमा एकमुष्ठ बुझाउनु पर्नेछ । किस्ता बुझाउनका लागि बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।
१०. बोलपत्र स्वीकृत भएको ७ दिनभित्र सम्झौता गरि सक्नुपर्नेछ । उक्त अवधिमा सम्झौता गर्न नआएमा नियमानुसार कार्यवाही अगाडी बढाईनेछ ।
११. प्रचलितकानूनअनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले व्यहोर्नुपर्नेछ ।मूल्यअभिबृद्धि कर समावेश गरि ठेकेदार स्वयंले उठाई सो सम्बन्धितनिकायमाबुझ जानुपर्नेछ ।
१२. ठेकेदारले नेपाल सरकार तथा बेलबारी नगरपालिकाले समय समयमादिएको निर्देशनलाई पालनागर्नुपर्नेछ र यस न.पा. र ठेकेदार बीच ठेक्काको विषयमा वि भएमा नगरपालिकाले गरेको निर्णय अन्तिमहुनेछ ।
१३. बेलबारी नगरपालिकालाई बुझाउनु पर्ने रकम बाँकी बक्यौता भएका व्यक्तिहरुको बोलपत्रलाई बाँकीबक्यौता रकम नबुझाएसम्म स्वीकृत गरिने छै
१४. ठेकेदारले राखेको धरौटी रकम ठेक्काअवधि समाप्तभए पछि आन्तरिक राजश्व कार्यालयमा आयकर मूल्यअभिबृद्धि कर तिरेको प्रमाण र बेलबारी नगरपालिक कर असुलीमा प्रयोग भएको रसिद जाँचबुझ भएपछि मात्र फिर्ता दिईनेछ ।
१५. ठेक्काकबोल गर्ने ठेकेदारले बेलबारी नगरपालिकाले तोकिदिएको कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदार आफैले छपाई रसिदहरु नगरपालिकाबाट काय प्रमुख वा निजले तोकेको कर्मचारीबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित बाहेकका रसिदबाट कर उठाएको पाईएमा वाउजुरी परेमा नियमानु कारवाही चलाईनेछ ।
१६. बन्द हड्ताल जस्ता मानव सृजित कारण तथा प्राकृतिक प्रकोपबाट हुने अवरोधका कारण कर छुट वा मिनाहा दिईने छैन
१७. एक व्यक्ति वा फर्मको नामबाट खरिद गरेको बोलपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।
१८. बिदेशबाट आयकर तिरिसकेको मालसामानमा कर उठाउन पाईने छैन ।
१९. यो सूचनाबमोजिमको दाखिला भएको कुनै वा सबै बोलपत्र स्वीकृतवा अस्वीकृत गर्ने अधिकार नगरपालिकामा निहित रहनेछ
२०. कर असुलीको दररेट एवं लाग्ने दस्तुरको विवरण सहितको होडिङ वोर्ड ठेकेदारले प्रत्येक संकलन केन्द्रमा सबैले देखिने गरि अनिवार्य रुपमा राख्नुपर्ने
२१. कुनै एक ठाउँमा राखेको धरौटी रकम अर्को कुनै ठेक्कामा समायोजन वा सदरस्याहार गरिने छैन ।
२२. कुनै शर्त सहितको बोलपत्र स्वीकृत हुने छैन ।
२३. स्थानीय तहले तोकेको दर भन्दा बढी रकम असुल गरेमा वा सम्झौतामा उल्लेख भएबाहेकका मालबस्तुमा कर सेवाशुल्क वा दस्तुर असुल गरेमा वा दोहोरो गरि कर लिएमा त्यस्तो कर बराबरको रकम ठेकेदारले यस कार्यालयमा राखेको धरौटी रकमबाट कट्टागरि सम्बन्धित पक्षलाई उपलब्ध गराईनेछ । ठेक्का सम्ब सम्पूर्ण काम कारवाही सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ८४ बमोजिम हुने